# सिम्ता राजपत्र

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या४:/४ ०४।०४।२०८०:मिति

भाग:२

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको विनियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## सिम्ता गाउँपालिका अस्थायी/ करार कर्मचारी कल्याण कोष विनियमावली,२०८०

स्थानीय सरकार सञ्चालन ऐनले दिएको १०२ को दफा २०७४ , अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता गाउँपालिका अस्थायी/ करार कर्मचारी कल्याण कोष विनियमावली,२०८० जारी गरेको छ ।

# सिम्ता गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# अस्थायी/ करार कर्मचारी कल्याण कोष विनियमावली,२०८०

प्रमाणिकरण तथा प्रकाशन मितिः२०८०।०४।०४

**प्रस्तावनाः**

सिम्ता गाउँपालिकाको कार्यालय राकम, सुर्खेतका अस्थायी/ करार कर्मचारीहरुको लागि कर्मचारी कल्याणकोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ९१ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको गाउँ कार्यपालिकालेदेहायको विनियमावली बनाई लागू गरेको छ ।

## परिच्छेद - १

**१) संक्षिप्त नाम र प्रारम्भ**

१)यो विनियमावलीको नाम "अस्थायी/करार कर्मचारी कल्याण कोषविनियमावली,२०८०" रहेको छ।

२) यो विनियमावली तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा**

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा

क) "कोष"भन्नाले सिम्ता गाउँपालिका गाउँकार्यपालिका कार्यालयका अस्थायी/करार कर्मचारी कल्याणकोलागिस्थापना गरेको कोष सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले सिम्ता गाउँपालिका गाउँकार्यपालिका कार्यालयराकम,सुर्खेतलाईसम्झनु पर्दछ ।

घ)"गाउँ कार्यपालिका" भन्नाले सिम्ता गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "सञ्चालक समिति"भन्नाले कोष सञ्चालनको लागि गठन भएको सञ्चालकसमिति सम्झनु पर्दछ ।

च)"कर्मचारी" भन्नाले यस अघि कार्यरत वा अन्य निकायबाट नियुक्त भई सिम्ता गाउँपालिकामा हाजिर भई कार्यरत र सिम्ता गाउँपालिकाबाट नियुक्त कर्मचारीसम्झनु पर्दछ ।

छ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गतेबाट सुरु भई आषाढमसान्तमा समाप्त हुनेअवधिलाई सम्झनु पर्दछ।

ज)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिम्ता गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ)"तोकिएको"वा "तोकिए बमोजिम" भन्नाले बोर्डले निर्णय गरी समय समयमा तोकिएको वातोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद २

### कल्याण कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**३. कल्याण कोषको स्थापना**

१)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ९१ को प्रयोजनको लागि सिम्ता गाउँपालिका अन्तर्गत करार कर्मचारी कल्याण कोष नामको एक कोष स्थापना गरिएको छ।

२) उपनियम (१) बमोजिमको कोषमा देहाए बमोजिमका रकमहरु रहनेछन् ।

क) करारकर्मचारी कल्याण कोषको लागी हालसम्म छुट्याइएको रकम मध्ये हालसम्म मौज्दातरहेको सम्पूर्ण रकम,

ख) प्रत्येक महिना अस्थायी/करार कर्मचारीको तलवबाट कट्टा गरिने तलवको ५ प्रतिशतबराबरको रकम र सोही रकम बराबरको सिम्ता गाउँपालिका कार्यालयबाट उपलब्ध गराउने रकम,

ग) सदस्यता शुल्कबाट प्राप्त रकम,

घ) सिम्ता गाउँपालिकाबाट करार कोषलाई अनुदान स्वरूप प्राप्त रकम,

ङ)कोषको सञ्चत पूजीलाई आय आर्जन कार्यमा परिचालन गरी त्यसबाट प्राप्त हुनेरकम,

च) संघसस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,
छ) वैदेशिक सहयोग, सरकार व्यक्ति वा निकायबाट प्राप्त हुने सहयोग रकम, तर यस्तो सहयोगप्राप्तगर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ।
३) उपनियम (२) बमोजिम कोषको जम्मा भएको रकम लक्ष्मी बैंक सिम्ता शाखामाअस्थायी करार कर्मचारी कल्याण कोष नामक खाता खोली आर्थिक कारोवार सञ्चालनगरिनेछ।

**४. सदस्यता**

१)सिम्ता गाउँपालिका कार्यालयबाट नियुक्त भई १ वर्ष अवधी भुक्तान गरेकोकर्मचारी स्वतः कर्मचारी कल्याण कोषको सदस्य हुनेछन्। सदस्यता शुल्क रु.५००।- रहनेछ। सदस्यता शुल्क बापतको रकम कर्मचारीले कल्याण कोषको खातामाजम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।
२) उपनियम (१) बमोजिम प्राप्त सदस्यतात्यस्तो कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भए तापनिसदस्यता समाप्त हुनेछ।
३) परियोजना तर्फका कर्मचारी यस विनियमावली बमोजिम करार कर्मचारी कल्याण कोषको सदस्य हुन पाउने छैनन्।

**५. खाता सञ्चालन**

कोषको आर्थिक कारोबारका लागि लक्ष्मी सनराइज बैंक सिम्ता शाखामा खाता खोली सोकोसञ्चालनसमितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

**६. कोषको प्रयोग**

देहाय बमोजिमका कामको लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिनेछ।
क)कर्मचारीले उमेरको कारणले अवकाश पाएमा वा जुनसकै तवरले नोकरीबाट अलग भएमानियमावली अनुसार निजले उपदान पाउने रहेछ भने त्यस्तो उपदान वापत पाउने रकम,
ख)कर्मचारी वा निजका परिवारका आश्रित सदस्यलाई औषधोपचार गर्न परेमाकर्मचारीको सञ्चित रकम मध्येबाट सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाकोस्वीकृतिबमोजिम उपलब्ध गराइने रकम,
ग) कर्मचारीका छोराछोरीलाई शिक्षा दिनको लागि सापटी चाहिएमा कर्मचारीको सञ्चित रकममध्येवाटसञ्चालक समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत सापटी रकम,
घ) सेवामाबहाल रहदै कुनै कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई आर्थिक सहयोगकोरुपमा सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरेको आर्थिकसहायता बापतको एकमुष्ट रकम,
च) कुनै कर्मचारी या निजकोपरिवारको कुनै सदस्यको मृत्यु भएमा सञ्चालक समितिको सिफारिसमा बोर्डलेस्वीकृत गरेको दाहसस्कार र किरिया खर्च बापत गाउँकार्यपालिकाले तोकेबमोजिमको रकम उपलब्ध गराइनेछ।
छ) सेवामा बहाल रहदै कार्यालयको कामको सिलसिलामा कर्मचारीको मृत्यु भएमा निजको परिवारले पाउने उपदान गणना गर्दागा.पा. बोर्डको निर्णय बमोजिम बढीमा २ वर्ष थप सेवा अवधि जोडी पाउने उपदान बापतकोरकम।

## परिच्छेद - ३

## सञ्चालक समितिको गठन र बैठक प्रक्रिया

**७. सञ्चालक समिति**

(१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एकसञ्चालक समितिरहने छ ।

(२) उपनियम (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमकापदाधिकारीहरु रहनेछन्

क)सिम्ता गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) सिम्ता गाउँपालिका कार्यालयको प्रशासन शाखा प्रमुख - सदस्य

ग) सिम्ता गाउँपालिका कार्यालयको आ.ले.प. शाखा प्रमुख - सदस्य

घ) गाउँपालिकामा कार्यरत अस्थायी/करार कर्मचारी मध्येबाट १ जना - सदस्य

ङ) सिम्ता गाउँपालिका कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**८. सञ्चालक समितिको बैठक**

१)सञ्चालक समितिको बैठक महिनामा कम्तिमा एक पटक बस्नेछ आवश्यकता अनुसार अन्यसमयमा पनि बस्न सक्नेछ ।

२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको समयमासिम्ता गाउँपालिकाकार्यालयमाबस्नेछ।

३) बैठकको निर्णय सामान्यतया सर्वसम्मत रुपमा गरिनेछ । यदि सर्वसम्मतरुपमा निर्णय हुन नसकेमा बहुमतको निर्णयलाई सञ्चालक समितिको निर्णय मानिनेछ । कुनैविषयमा बहुमतबाटनिर्णयहुन नसकी मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

**९. बैठकको गणपुरकसंख्या**

कर्मचारी कल्याण कोष सञ्चालक समितिको जम्मा सदस्य संख्याको पचहत्तरप्रतिशत सदस्यकोउपस्थिति नभई बैठकको गणपुरक संख्या पुगेको मानिने छैन ।

**१०. समितिको काम, कर्तव्य र अधिकार**

कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बैठकवाट स्वीकृत निर्णय कार्यान्वयन गर्ने,

ख)सिम्ता गाउँपालिका कार्यालयका कार्यपालिका, गाउँ सभासंग सु-सम्बन्ध कायम राखीसिम्ता गाउँपालिका कार्यालयबाट कोषको लागि आर्थिक श्रोत जुटाउन प्रयासगर्ने,

ग) कोषको आय वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने,

घ) कोषका सदस्यहरुलाई समानताको आधारमा सुविधाहरु उपलब्ध गराउने,

ङ) कोषको सन्चित पुजीलाई आय आर्जन कार्यमा उपयुक्त तरिकाले परिचालन गर्ने,

च) आर्थिक कारोबारको लेखापरीक्षण गराउने,

**११. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क) बैठकको अध्यक्षता गर्ने,

ख)कोषका सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने,
ग) कोषका हरेक क्रियाकलापको जवाफदेहीता बहन गर्ने,
घ) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,
ङ) बैठकको निर्णय कार्यान्वयन गराउने,

**(२) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**
क) कोषको कार्यालय सञ्चालन गर्ने,
ख) कोषको बैठकमा पेश गर्ने छलफलका विषयहरु अध्यक्षसंग परामर्श गरी तयार गर्ने,
ग) बैठकको निर्णय अभिलेखन गरी राख्ने,
घ) बैठकको निर्णय कार्यान्वयन गर्ने,
ङ) अध्यक्षको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने,
च) कोषको चल अचल सम्पत्तिको जिम्मा लिने र व्यवस्थापन गर्ने,

**३) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**
क) समितिको बैठकमा भाग लिने,
ख) समितिको बैठक र कार्यहरुमा अन्य पदाधिकारीलाई सघाउने,
ग) अध्यक्षको आदेश अनुसार तोकिएका अन्य कार्यहरु गर्ने गराउने,

**१२. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व**
१) कोष सञ्चालक समितिका सदस्यले यस विनियमावलीको उद्देश्य विपरित हुने गरी कोषकोवितरणमा भेदभाव गर्न वा कोषको दुरुपयोग गर्न पाउने छैन ।
२) उपविनियम (१)कोप्रतिकृत हुने गरी काम गरेको प्रमाणित भएमा त्यस्तो कार्यमा संलग्न समितिकासदस्यले पाउनेसुविधा रकमजफत गरिनेछ।
३) कुनै कर्मचारीको खराब आचरण वा अन्य कुनै कारणले समितिलेरोक्का गरी राखेको सुविधा वापतको रकम निजले आफ्नो आचरण सुधार गरेको पाइएमावा निज उपर लागेको अभियोगबाट सफाई पाएमा रोक्का रकम समेत फुकुवा गरी निजलाईएकमुष्ठ रुपमा सुविधा रकम समितिलेउपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद - ४

## उपदान, आर्थिक सहयोग तथा ऋण सम्बन्धी व्यवस्था

**१३. उपदान पाउने**
१) यस विनियमावलीमा भएको व्यवस्था बमोजिम स्थानीय तहका अस्थायी/करार कर्मचारीले उपदानरकम पाउनेछन् ।
२)उपनियम (१) को अतिरिक्त गाउँपालिकामा कार्य गरी योगदानदिए वापत पाँच वर्ष वा सो भन्दा वढी अवधि सेवा गरेका अस्थायी, करारकर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वाभविष्यमा स्थानीय तहको सेवाको निमित्त अयोग्य नठहरिन गरी पदबाट हटाइएमा वाअवकाश दिइएमा गाउँ सभाबाट यो विनियमावली स्वीकृतभएपछि उपदान उपलब्ध गराइनेछ । तर पाँच वर्ष भन्दा कम अवधिका लागि यो उपदानकोषमा निजबाट जम्मा भएको रकम मात्र उपलब्ध गराइने छ

। पाँच वर्षभन्दा बढीसमय गाउँपालिका कार्यालय वा अन्तर्गत काम गरी स्वैच्छिक वा गाउँपालिकाकोनिर्णयले सेवाबाट अलग भएमा निजले मासिक जम्मा गरेको र सो बराबरगाउँपालिकाबाट जम्मा भएको रकम उपलब्ध गराइन छ । विनियमावली लागू हुनुभन्दापाँच वर्ष अगाडी देखि कार्यरत करार तथा अस्थायी कर्मचारीलाई तपसिल बमोजिमकोथप उपदान उपलब्ध गराइने छ। पाँच वर्ष नपुगेका कर्मचारीहरुलाई यो सुविधाउपलब्ध हुने छैन ।
क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित खाईपाईएको आधा महिनाको तलब बराबरको रकम,
ख)दश वर्ष देखि पन्ध्र वर्षसम्म सेवा गरेको कर्मचारीले आफूले काम गरेकोप्रत्येक वर्षको निमित खाईपाई आएको एक महिनाको तलब बराबरको रकम,
ग) पन्ध्रवर्ष भन्दा माथी जति सुकै अवधिसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेकोप्रत्येकवर्षको निमित्त खाइपाई आएको डेढ महिना तलब बराबरको रकम,
३. उपनियम (२) कोअतिरिक्त साविक घोरेटा, काफलकोट,आग्रीगाउँ,बजेडीचौर,राकम,काप्रीचौर,डाँडाखालीतथा खानीखोला गा.वि.स.बाट नियुक्तिपाई अविच्छिन रुपमा उक्त स्थानिय निकायमा हाजिर भई विनियमावली स्वीकृत हुदाकोबखतसम्म कार्यरत कर्मचारीको हकमा साविकको निकाय वा अन्य निकाय बाटनियुक्ति लिइ हाजिर भए देखिको सेवा अवधि गणना गरी उपदान उपलब्ध गराइनेछ ।

**१४. थप आर्थिक सहायता सम्बन्धी व्यवस्था**

यस आर्थिक सहायता उपलब्ध गराउँदा देहाय बमोजिम गर्न पर्नेछ ।
क)सरकारी कामको सिलसिलामा चोटपटक लाग्न गई उपचार गराउनु परेमा जिल्लाअस्पतालको सिफारिसमा वा नेपाल अधिराज्य भित्र उपचार हुन नसकेको भनी मेडिकलबोडबाट सिफारिस भएको अवस्थामा निजलाई उपचार खर्चको लागि सञ्चालक समितिकोसिफारिसमा थप आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।
ख) कर्मचारी सेवामा वहाल गरेको अवस्थामा कुनै पनि कारणबाट निजको मृत्यु भएमा निजकोपरिवारलाईअन्त्येष्टी खर्चका लागि निजले खाइपाई आएका सुरु तलवको डेढ महिना बराबरकोरकम उपलब्ध गराईनेछ ।
ग) तर, थप आर्थिक सहायता दिन मनासिव ठहप्याएको रकम थपआर्थिकसहायताको रुपमा दिन बाधा पर्ने छैन ।

**१५. समितिको लेखा र लेखापरीक्षण**

१) समितिले कोषको लेखा प्रचलित लेखा प्रणाली स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४लेतोकेको प्रक्रिया तथा ढाँचामा राखिनेछ ।
२) उप नियम (१) बमोजिम राखिएकालेखाको आन्तरिक लेखा परिक्षण सिम्ता गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाबाटर अन्तिम लेखापरिक्षण महालेखा परीक्षकको कार्यालबाटहुने छ ।

**१६. सुविधाबाट बन्चित गरिने अवस्था**

देहायकोअवस्थामा सिम्ता गाउँपालिकाका अस्थायी/करार कर्मचारीलाई पूरै वा आंशिक रुपमाकर्मचारी कल्याण कोष अन्तर्गत सञ्चालित कार्यक्रमबाट दिइने सुविधाबाटवञ्चित गर्नसकिनेछ ।
क) सिम्ता गाउँपालिका कार्यालयलाई आँच पुयाउने कार्य गरेको प्रमाणित भएमा,
ख) प्रचलित कानून विपरित काम गरेको प्रमाणित भएमा,
ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

## परिच्छेद - ५
## विविध

**१७. बीमा सम्बन्धी व्यवस्था**

१)सिम्ता गाउँपालिकाले आफ्ना अस्थायी /करार कर्मचारीको लागिगाउँकार्यपालिकाबाट रु १००,००० एक लाख बराबरको सावधिक जीवन बीमा गरिनेछ।

२) उपविनियम (१) बमोजिम बीमा गर्दा गाउँपालिकाबाट प्रिमीयम रु.२०० का दरलेउपलब्ध गराईने छ। विमितले एकमुष्ट कल्याण कोषमा बीमाको रकम समेत जम्मा गरेरआउनुपर्नेछ।

३) २० वर्ष सेवा अवधिलाई आधार मानि सम्बन्धीत कर्मचारीको तलबबाट बाकी रकम व्यहोरिने छ।

४)यो विनियमावली प्रारम्भ हुनु भन्दा अगाडी कायम रहेको जीवन बीमामा सहभागीकर्मचारीहरुको बीमालाई यथावत राखी नयाँ नियुक्ति हुने कर्मचारी र हालकार्यरत कर्मचारीहरुको उपनियम (१) माउल्लेख भए बमोजिमको बीमा गरिनेछ छ।

**१८. निर्देशन दिने सक्ने**

कोषसञ्चालन सम्बन्धी विषयमा गाउँकार्यपालिकाले समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**१९. अनुगमन तथा रेखदेख**

आर्थिक प्रशासन शाखाले कोष सञ्चालन सम्बन्धी कार्यको अनुगमन तथा रेखदेख गर्नेछ।

**२०. अधिकार प्रत्यायोजन**

यस विनियमावली बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकारआवश्यकताअनुसार कुनै उप समिति, कार्यदल वा कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

**२१. खारेजी र बचाउ**

(१) यस विनियमावलीमा स्पष्ट उल्लेख भए गरेका कुरा यसैविनियमावली बमोजिम र यसलेनसमेटेका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,

भलाराम पंगाली

प्रमुख प्रशासकीय अधिकृत